आज मिति २०८२ भदौ २२ गतेका दिन विहान ८:०० बजे यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा.२)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिश्चन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

प्रमुख प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाई

अन्य उपस्थिति :

इन्जिनियर :- श्री सुरेश गौतम

लेखा अधिकृत :- श्री मनि राना मगर

सहायक प्रशासकीय अधिकृत :- श्री अनिल कुमार गुरुङ

CamScanner

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**मिति २०८२ भदौ २२ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु:**

**निर्णय नं. १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।**

मिति २०८२/०४/२८ को मर्स्याङदी गाउंपालिकाको गाउं कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था वारे यस वैठकमा समिक्षा गरियो । साथै कार्य प्रगति वारे वडा अध्यक्ष ज्यूहरुको रिपोर्टिङ भयो । समिक्षा र रिपोर्टिङको क्रममा वैठकमा उठेका विषयहरुमा छलफल भयो ।

**निर्णय नं.२ : आरन सुधार कार्यक्रम २०८२/०८३ सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको चालु आ.व. २०८२/८३ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत यस गाउँपालिका भित्र सञ्चालित आरनहरूलाई व्यवस्थित र आधुनिकीकरण गर्नको लागी मिति २०८२ साउन ११ गते प्रकाशीत "आरन सुधार कार्यक्रमको लागी प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना" अनुरुप विभिन्न वडाबाट सिफारिस साथ प्राप्त आवेदनहरूमध्ये आरन सुधार तथा आधुनिकिकरणका लागि अनुदान वितरण सम्वन्धी कार्यविधि, २०८१ अनुसार सिफारिस समितिवाट सिफारिस भई आएका तपसिलका निवेदकहरूलाई छनौट गरी जम्मा १५ (पन्ध्र) जनालाई अनुदान उपलब्ध गराउने यस कार्यपालिकाको बैठकवाट सर्वसम्मतिले निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वडा नं. | नामथर | नागरिकता नं. | कैफियत |
|---|---|---|---|---|
| १ | १ | मनलाल कामी | १०५४ | |
| २ | १ | सुक बहादुर कामी | ६२९ | |
| ३ | १ | चित्र वहादुर कामी | ५७२८ | |
| ४ | २ | खर सिं कामी | ५६७ | |
| ५ | २ | मिन वहादुर कामी | ४७१ | |
| ६ | ३ | बुध बहादुर वि.क. | ४५-०१-६९-०२३६७ | |
| ७ | ४ | सुन्दर वि:क. | ५२६३० | |
| ८ | ६ | सुक लाल वि.क. | ८०८ | |
| ९ | ६ | भक्त बहादुर वि.क. | ५३७०६ | |
| १० | ६ | आइत मान वि.क. | ४६९२ | |
| ११ | ७ | दुधमान कामी | १०८१२ | |
| १२ | ७ | सार्की कामी | ३७१२८ | |
| १३ | ७ | जंग बहादुर कामी | ४८१९९ | |
| १४ | ९ | पदम बहादुर वि.क. | ४५३००६-१३६ | |
| १५ | ९ | गणेश बहादुर कामी | १४२९ | |



अर्जुन थपलिया
(प्रमुख प्रशासकीय अधिकृत)

**निर्णय नं. ३: राष्ट्रिय शिक्षा दिवस २०८२ तथा सामुदायिक विद्यालयबाट अवकाश प्राप्त कार्यालय सहयोगीहरुलाई सम्मान सम्बन्धमा ।**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्र संख्या ०८२/८३ चलानी नं. २९ मिति २०८२/०४/१८ को पत्रानुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०८२/०८३ चलानी नं. ५१ मिति २०८२/०४/२६ गतेको राष्ट्रिय शिक्षा दिवस २०८२ मनाउने सम्बन्धको पत्रानुसार यस वर्षको राष्ट्रिय शिक्षा दिवसको आदर्श वाक्य "ज्ञान, विज्ञान, सिप, उद्यम र मौलिकता: साझेदारी र प्रणालीगत सक्षमता" भन्ने नारा सहितको राष्ट्रिय शिक्षा दिवस २०८२ मनाउने भनी निर्देशनानुसार यस मर्स्याङदी गाउँपालिकाको आयोजनामा मिति २०८२/०५/२५ गते राष्ट्रिय शिक्षा दिवस मनाउने र सोही अवसरमा यस मर्स्याङदी गाउँ पालिका अन्तरगतको सामुदायिक तथा संस्थागत विद्यालय तर्फको वार्षिक परिक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल विद्यालय, विद्यार्थी र शिक्षकहरुलाई सम्मान गर्ने र सामुदायिक विद्यालयमा लामो समय सम्म करार सेवामा कार्यरत कार्यालय सहयोगीहरुको कामकाजको उँच्च मूल्याङ्कन गरी अवकाश प्राप्त तपसिलका कार्यालय सहयोगीहरुलाई सम्मान स्वरुप नगद रकम प्रदान गर्ने यस गाउँकार्यापालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

तपसिल:

| क्र.स. | नाम थर | विद्यालय | सेवा अवधी | सम्मान रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | दान वहादुर गुरुङ | त्रिभुवन मा.वि., मर्स्याङ्दी -२, घनपोखरा | २९ वर्ष | २५,००० | |
| २ | कृष्ण गुरुङ | गंगा मिलन मा.वि., मर्स्याङ्दी -५, घेर्मु | १८ वर्ष | २५००० | |
| | जम्मा रु. | | | ५०,००० | |

**निर्णय नं. ४: अध्ययन विदा पूर्व स्विकृति सम्बन्धमा ।**

नेपाल सरकार चिकित्सा शिक्षा आयोगको मिति २०८२/०५/०१ गते प्रकाशित चिकित्सा शिक्षा स्नातक तहका शैक्षिक कार्यक्रमहरुमा विद्यार्थी भर्नाका लागि लिइने एकीकृत प्रवेश परीक्षा (MECEE-BL 2026) को सूचना वमोजिम बि.पि.एच स्नातक तह (BPH) र नर्सिङ सनातक तह (BNS/BMS) अध्ययन गर्न प्रवेश परिक्षामा सहभागी हुन पूर्व स्वीकृतीको लागि क्रमशः जनस्वास्थय निरिक्षक श्री लुल वहादुर घले र अ.न.मी. श्री विजेता चौधारीले निवेदन पेश गरेको हुँदा निज दुवै जनाको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमवली, २०८० को नियम ९१ (क), (ख), (ग) र (घ) मा व्यवस्था भए वमोजिमको मनोनयनका आधारहरु समेत पुरा भएको हुँदा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ७१ र ७२ वमोजिमको शर्तको पूर्ण रुपमा पालना गर्ने गरी नियमानुसार पाउने विदा स्वीकृत गराएर मात्र अध्ययनमा जाने गरी हाललाई प्रवेश परिक्षामा सहभागी हुन मात्र दिइएको पूर्व स्वीकृतीलाई यस गाउँकार्यापालिकाको बैठकमा सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

अर्जुन गुरुङ
अध्यक्ष



अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

**निर्णय नं. ५: हलुका सवारी साधन (तिन पांग्रे चार पांग्रे) सञ्चालन तथा नियमन सम्वन्धी निर्देशिका २०८० पहिलो संशोधन सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको हलुका सवारी साधन (तिन पांग्रे चार पांग्रे) सञ्चालन तथा नियमन सम्वन्धी निर्देशिका २०८० को दफा ३ (१५) 'क' पश्चात 'ख' 'ग' तपसिल वमोजिमको थप गर्ने यस गाउँ कार्यपालिकाको वैठकमा सर्वसहमतीले निर्णय गरियो।

ख) नविकरणको लागि आवश्यक कागजातहरु:

- हस्त लिखित निवेदन
- तेस्रो पक्ष विमा
- सवारी साधन धनी प्रमाणपत्र (ब्लु बुक)
- रुट इजाजत पत्र
- सावरी साधन जाँचपास
- मर्स्याङदी गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भए वमोजिम दस्तुर तिरेको रसिद

ग) रुट इजाजत पत्र नामसारी सम्वन्धी व्यवस्था:

- यस मर्स्याङ्दी गाउँपालिकावाट रुट इजाजत पत्र लिई सवारी सञ्चालन गरेका सवारी धनीहरुले आफ्नो सवारि साधन पुरानो भई सञ्चालन नभएमा सोही रुट इजाजत पत्रमा नयाँ सवारी साधनको चेसिस नं. मोडल, इन्जिन नं., बनेको साल लगायतका विवरण परिवर्तन गरी रु २०००।– (अक्षरुपी दुई हजार रुपैया) को राजश्व भुक्तानी गरी सोही व्यक्तिको नाममा संशोधित रुट इजाजत पत्र जारी गर्न सक्ने छ।
- यस मर्स्याङ्दी गाउँपालिकावाट रुट इजाजत पत्र लिई सवारी सञ्चालन गरेका सवारी धनीहरुले कुनै कारणवस रुट इजाजत पत्र विक्रि वितरण एवं खरिद गर्नु परेमा प्रथम पक्ष (रुट इजाजत विक्री गर्ने व्यक्ति) र दोस्रो षक्ष (रुट इजाजत खरिद गर्ने व्यक्ति) को संयुक्त निवेदन, प्रचलित कानुन वमोजिम सवारी साधनको नामसारी भएको, मर्स्याङ्दी गाउँपालिका भित्र स्थाई वसोबास गरेका व्यक्तिलाई मात्र निर्देशिका बमोजिम रुट इजाजत पत्र नामसारी बापत रु २०००।– (अक्षरुपी दुई हजार रुपैया) सेवा शुल्क लिइ दिन सकिने छ ।

घ) सवारी साधन सम्वन्धी व्यवस्था:

- सवारी साधन धनीले आफ्नो स्वामित्वमा रहेको सवारी साधन विक्री गर्न यो निर्देशिकाले वाधा पर्ने छैन ।
- सवारी साधन धनीले सवारी सधान,मर्स्याङदी गाउँ पालिका भित्रका व्यक्तिलाई खरिद विक्रि गरेमा रुट इजाजत पत्र समेत नामसारी गरीनु पर्ने छ र मर्स्याङदी गाउँपालिका भन्दा वाहिर विक्रि वितरण गरेमा कार्यालयमा सावरी धनीले रुट इजाजत पत्र समेत आवश्यक नरहेको स्वघोषणा वा निवेदन दिएमा रुट इजाजत तथा भाडादर निर्धारण समितिको निर्णय वमोजिम निर्धारण गरेको रुट इजाजत संख्या नबढने गरी पुनः मर्स्यङदी गाउँपालिका भित्रको व्यक्तिलाई रुट इजाजत पत्र जारी गर्न सकिने छ ।

अर्जुन गुरुङ
अध्यक्ष



अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

निर्णय नं. ६ : वडा नं ४ र ६ को स्वास्थ्य चौकीहरुको दोस्रो पटक म्याद थप सम्बन्धमा।

मर्स्याङदी गाउँपालिकाको कार्यालयको वडा नं ४ र ६ मा अवस्थित स्वास्थ्य चौकीहरुको क्रमश Construction Works of Health post Building at Taghring, Marsyangdi-०४, Lamjung (०९/MRM/BDG/NCB/२०८०-८१) र Construction Works of Health post Building at Bahundanda, Marsyangdi-०६, Lamjung(१०/MRM/BDG/NCB/२०८०-८१) को यस मर्स्याङदी गाउँपालिका र Champawati Nirman Sewa,Besisahar-०८, Lamjung बिच मिति २०८२।०१।१५ भित्र सम्पन्न गर्ने गरि मिति २०८१।०१।१४ गतेमा सम्झौता भएकोमा उक्त योजनाको हाल सम्मको भौतिक प्रगति क्रमश ९५ र ९७% र वित्तिय प्रगति क्रमश ५६.९३ र ६०.५०% रहेको छ। यस योजना निर्माण कार्यको क्रममा २०८२-०४-२५ गतेका दिन निज निर्माणव्यवसायीले विभिन्न कारण सहित म्याद थपको लागी निवेदन पेश गरेकोमा उक्त निवेदन उपर जाँचबुझ गर्दा निवेदनमा निर्माण व्यवसायीले लगातार वर्षातको समय रहेको र अन्तिम चरणमा रंगरोगन तथा फिनिसिङको कार्यलाई दैनिकजसो परेको पानिले विगारिदिने हुनाले काममा प्रगतो हुन नसकेको कारण उल्लेख गरी थप दुई महिनाको लागी म्याद थप माग गरेकाले साथै मिति २०८०-११-२१ गते नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सार्वजनिक खरिद नियमावली २०८०(१३ औं संसोधन) को दफा ३ को नियम १२० मा खरिद सम्झौताको अवधि थपसम्बन्धी विशेष व्यवस्था अनुसार उक्त फर्मले म्याद थप गर्नको लागि खुलाइएको कारण खरिद सम्झौता बमोजिम मनासिब देखिएको र समयमा भुक्तानी हुन नसकेको हुनाले निर्माण व्यवसायीले नयाँ Work Schedule पेश गरी उक्त Work Schedule मा फरक नपर्ने गरी प्रतिबध्दता समेत गरेको खण्डमा साथै सार्वजनिक खरिद नियमावली २०८०(१३ औं संसोधन) को दफा ३ को नियम १२०(क) बमोजिम कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई संशोधित कार्यतालिका तथा म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिबध्दता सहित निवेदन दिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने प्रावधान रहेकोले उक्त योजनाको म्याद मितिः २०८२-०७-१७ गते (२ महिना) अवधि सम्मको म्याद थप गर्ने निर्णय गरि सरोकारवाला निकायलाई पत्राचार गर्ने निर्णय गरियो।

तपशिल:-

| सि.नं. | विवरण | मिति देखि | मिति सम्म | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | सम्झौता मिति | २०८१।०१।१४ | २०८२।०१।१५ | १ वर्ष | शुरु सम्झौता |
| २. | पहिलो म्याद थप | २०८२।०१।१६ | २०८२।०५।१६ | ४ महिना | का.पा बैठक |
| ३. | दोस्रो म्याद थप | २०८२।०५।१७ | २०८२।०७।१७ | २ महिना | का.पा बैठक |

अर्जुन नेपाने
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष